# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल
(आर्थिक प्रशासन शाखा)

E-mail: office siddhicharanmunicipality@gmail.com
E-mail: financial administration branch economicadbrscmun@gmail.com
Website: https//:siddhicharanmun.gov.np
☎ ०३७-५२०२१३


प.सं. २०८०/८१
च.नं. ४६ ४६

मिति २०८१/०२/१८

बिषय :- भुक्तानी तथा निकासा सम्बन्धमा ।

श्री सरोकारवाला सबै,
सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा ।

प्रस्तुत विषयमा यस सिद्धिचरण नगरपालिकाका सगँ आ.व. २०८०/८१ मा सम्झौता गरी सञ्चालनमा रहेका विभिन्न योजना तथा कार्यक्रमहरु लगायत यस कार्यालयले भुक्तानी गर्नु पर्ने जुनसुकै प्रकारको कार्यहरुको कार्य सम्पन्न गरी फरफारक तथा अन्तिम भुक्तानीको लागि **मिति २०८१/०३/१५ गते सम्ममा** आवश्यक कागजात यस कार्यालयमा पेश गर्नु हुन नगर कार्यापालिकाको मिति २०८१/०१/२७ को निर्णय अनुसार अनुरोध छ। तोकिएको समय सीमा भन्दा पछि पेश हुन आएका भुक्तानीका फाइलहरु उपर कुनै कारबाही नगरिने र भुक्तानी नभएमा कार्यालय जवाफदेही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ । साथै महालेखा नियन्त्रक कार्यालयको प.स. २०८०/८१ च.नं. १४६, मिति २०८१/०१/१२ को पत्रानुसार समानिकरण अनुदानको करिब २ करोड ६९ लाख रुपैया रोक्का भएकोले निकासा भएको रकमको आधारमा आर्थिक प्रशासन शाखामा भुक्तानीको लागि कागजातहरु प्राप्त भएको मितिको प्राथमिकताका आधारमा भुक्तानी हुने व्यहोरा सबैको जानकारीको लागि लागि अनुरोध छ ।

सादर अवगतार्थ :

श्रीमान नगर प्रमुखज्यू, सिद्धिचरण नगरपालिका, ओखलढुगां ।

श्रीमान नगर उपप्रमुखज्यू, सिद्धिचरण नगरपालिका, ओखलढुगां ।

बोधार्थ :

श्री वडा कार्यालयहरु सबै, सिद्धिचरण नगरपालिका ।

श्री योजना तथा प्राविधिक शाखा लगायत सबै विषयगत शाखा, सिद्धिचरण नगरपालिका ।

श्री सूचना तथा प्रविधि शाखा- फेसबुक पेज, वेभसाइटमा सूचना अपलोड गर्नुहुन ।

.....................
आर्थिक प्रशासन प्रमुख

.....................
प्रमुख प्रशासकीय अधिकृत
निलकण्ठ विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
(बजेट कार्यान्वयन तथा शोधभर्ना शाखा)

प.सं.: २०८०।८१ मितिः २०८१।०१।१२
च.नं. १४६

विषयः वित्तीय समानीकरण अनुदान हस्तान्तरण सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सबै।

प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८०।१०।०९ को निर्णय तथा अर्थ मन्त्रालय, वित्तीय संघीयता समन्वय महाशाखाको च.नं २३१, मिति २०८१।०१।०६ को पत्रमा उल्लेख भएको २०८० चैत्र मसान्त सम्मको राजस्वको लक्ष्य र प्रगति अनुसार प्रदेश र स्थानीय तहमा चौथो किस्ता वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्दा वार्षिक विनियोजित बजेटको ७४.११ (चौहत्तर दशमलव एक एक) प्रतिशतमा नबढ्ने गरी हस्तान्तरण गर्नु/गराउनुहुन यस कार्यालयको मिति २०८१।०१।१२ को निर्णय अनुसार अनुरोध छ।

..................
(प्रदिप राज खरेल)
लेखा अधिकृत

बोधार्थ
श्री अर्थ मन्त्रालय, वित्तीय संघीयता समन्वय महाशाखा,
सिंहदरबार, काठमाडौं।